सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
### (प्रधानमन्त्री रोजगार कार्यक्रम)

PMEP/8C/१०३

मितिः– २०७५/१२/१३

विषयः– बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. १, २, ३, गण्डकी, ५, कर्णाली र सुदूरपश्चिम ।
(मार्फत सामाजिक विकास तथा प्रादेशिक समन्वय महाशाखा,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय), सिंहदरवार।

प्रस्तुत विषयमा यस आर्थिक वर्ष २०७५/७६ देखि यस मन्त्रालय मार्फत प्रदेश सरकार र स्थानीय तहहरुको सहकार्यमा आन्तरिक रोजगारी श्रृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

उक्त कार्यक्रम सबै प्रदेश सरकारका सामाजिक विकास मन्त्रालय र सबै स्थानीय तह मातहत स्थापित रोजगार सेवा केन्द्र मार्फत कार्यान्वयन गरिने व्यवस्था रोजगारीको हकसम्बन्धी ऐन २०७५, रोजगारीको हकसम्बन्धी नियमावली २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ मा गरिएको छ ।

यसरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने रु. सात लाख चार हजार उपशीर्षक नं. ३७११०८ बाट देहाय बमोजिमका खर्च शीर्षक अन्तर्गत तोकिए बमोजिमका क्रियाकलापहरुमा खर्च गर्ने गरी सबै प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयहरुलाई LMBIS मार्फत पठाईसकिएको छ। यसरी प्राप्त भएको बजेट रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गरी नियमानुसार खर्च गर्नु हुन र त्यसको प्रतिवेदन समयमै यस मन्त्रालयमा उपलब्ध गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहायः

| सि.नं. | खर्च शीर्षक | खर्च गरिनु पर्ने क्रियाकलापहरु |
|---|---|---|
| १ | कार्यक्रम खर्च | क) पूँजीगत सामान खरिद — यस अन्तर्गत देहायका पूँजीगत सामानहरु खरिद गर्नु पर्नेछः डेस्कटप कम्प्युटर-१, ल्यापटप कम्प्युटर- १, लेजर प्रिन्टर (नेटवर्क कार्ड सहितको), स्क्यानर-१। यसका लागि रु. ३,०८,०००।— (अक्षेरुपी तीन लाख आठ हजार मात्र) खर्च गर्न सकिनेछ ।<br>ख) प्रधानमन्त्री रोजगार कार्यक्रमको समन्वय, सहकार्य र कार्यशाला र बैठक आदिका लागि गरिने खर्च । यसका लागि रु. ७२,०००।- (अक्षेरुपी बहत्तर हजार हजार मात्र) विनियोजन गरिएको छ।<br>ग) श्रमको सम्मान राष्ट्रको अभियानको लागि गरिने रणनीतिक सञ्चार। यसका लागि रु. दुई लाख। |
| २ | विविध | स्टेशनरीवापत हुने खर्च । |
| ३ | अनुगमन | प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय तहमा भएको कार्यान्वयनको अनुगमन गर्दा लाग्ने खर्च । |
| ४ | कार्यालय सञ्चालन | रोजगार व्यवस्थान सूचना प्रणाली स्थापनाका लागि आवश्यक पर्ने इन्टरनेट, टेलिफोन खर्च। |

डा. लोकनाथ भुसाल
उपसचिव

बोधार्थः
श्री आर्थिक प्रशासन शाखा,
श्री नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा,
श्री प्रशासन शाखा, श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय ।